





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily








❑ वर्ष २७ ❑ अङ्क २३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २७ गते शनिबार ❑ 12 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुनःस्थापना गर्छौं: सभापति थापा

**रासस**
काठमाडौं, २६ भदौं

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुनःस्थापना गरिने बताउनुभएको छ।

गिरिजाप्रसाद कोइराला फाउण्डेशनले आज यहाँ आयोजना गरेको 'समीक्षा तथा भावी योजना' कार्यक्रममा बोल्दै सभापति थापाले पार्टीको आगामी १५औँ महाधिवेशनमा भाग लिनबाट कसैलाई वञ्चित नगरिएको भन्दै पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुनःस्थापना गरिने बताउनुभएको हो। सभापति थापाले पार्टीको १५औँ महाधिवेशनअन्तर्गतको वडा अधिवेशन आगामी असोज ३ र ४ गते हुने र केन्द्रीय महाधिवेशन असोज १६ देखि १९ गतेसम्म सम्पन्न हुने भन्दै महाधिवेशनको तिथीमिति तलमाथि नहुने बताउनुभयो। संविधान र पार्टीको विधानअनुसार असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन सम्पन्न हुने उहाँको भनाइ थियो।



सभापति थापाले पार्टीको महाधिवेशन र चाडपर्वपछि कांग्रेस ७७ वटै जिल्ला र गाउँगाउँ पुग्ने बताउनुभयो। सबैले पार्टीको महाधिवेशनमा भाग लिने उहाँले बताउनुभयो। "पार्टी एकताबद्ध बनाउने ठाउँमा नरम हुने हो, पार्टीभित्रको फोहर सफा गर्ने कुरामा निर्मम हुने हो," उहाँले भन्नुभयो। सभापति थापाले गिरिजाप्रसाद कोइराला आफ्नो राजनीतिक जीवनका लागि प्रेरणाका स्रोत भएको र २०४६ सालपछिको राजनीतिक पुस्ताका लागि उहाँ सधैँ मार्गदर्शक रहेको बताउनुभयो। उहाँले विशेष महाधिवेशनपछि पार्टीलाई अगाडि बढाउने सन्दर्भमा कांग्रेस नेत्री सुजाता कोइरालाले देखाएको उदारता र सहयोगको प्रशंसा गर्नुभयो। कांग्रेस नेत्री कोइरालाले पार्टी र युवा नेतृत्वप्रति देखाएको विश्वास र अभिभावकत्वका लागि सभापति थापाले धन्यवाद दिनुभयो। उहाँले बिपी कोइरालाको विचार र गिरिजाप्रसाद कोइरालाको साङ्गठनिक सुदृढीकरणलाई आत्मसात् गर्दै पार्टीलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। विसं २०४८ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अपनाएको आर्थिक उदारीकरण र खुला बजार नीतिले नेपालको आर्थिक विकासमा ठूलो सहयोग पुगेको सभापति थापाले बताउनुभयो। "विसं २०४८ देखि २०५१ सालसम्मको गिरिजाबाबुको सरकार नेपालको आर्थिक विकासको 'स्वर्ण युग' हो, उक्त समयमा नेपालले जलविद्युत्, दूरसञ्चार, बैंकिङ, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा फड्को मारेको छ," उहाँले भन्नुभयो।

गिरिजाबाबुले लिएको उदार अर्थतन्त्रको बाटोका कारण देश विकासको बाटोमा अगाडि बढेको भन्दै सभापति थापाले गिरिजाबाबुको 'इकोनोमी पोलिसी'को बारेमा फाउण्डेशनले आगामी दिनमा अध्ययन अनुसन्धान गर्नुपर्ने उल्लेख गर्नुभयो।

फाउण्डेशनकी अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री सुजाता कोइरालाले १६ वर्ष फाउण्डेशनको अध्यक्ष भएर सामाजिक क्षेत्रमा आफू क्रियाशिल रहेको बताउनुभयो। संस्थालाई अगाडि बढाउन सहयोग गर्ने सबैलाई उहाँले धन्यवाद दिनुभयो।

फाउण्डेशनका सदस्य अजयकुमार राइले सन् २०११ मा स्थापना भएको फाउण्डेशनले विभिन्न सामाजिक काम गर्दै आएको जानकारी दिनुभयो। फाउण्डेशनका अमेरिका शाखाका अध्यक्ष सोमनाथ घिमिरेले मुलुकमा बृहत् शान्ति सम्झौता स्थापना गर्न गिरिजाबाबुले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। कार्यक्रममा गिरिजाप्रसाद कोइराला फाउण्डेशन अमेरिका शाखाका अध्यक्ष सोमनाथ घिमिरे र फाउण्डेशनका रिसर्च डाइरेक्टर डा तारा बन्जाडेलाई सम्मान गरिएको थियो।

## शव पहिचान गर्न पोखरामा आफन्तको 'डिएनए' नमुना सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

यही भदौ १० गते भोटेकोशीको बाढीमा परी ज्यान गुमाएकाको शव पहिचानका लागि पोखरामा अहिलेसम्म २५ आफन्तको 'डिएनए' नमुना सङ्कलन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीका अनुसार बाढीमा बेपत्ता भएकाहरुको खोजी तथा शव पहिचानका लागि उनीहरुका आफन्तको 'डिएनए' नमुना सङ्कलन भइरहेको छ। 'डिनएन'का लागि निवदेन, मञ्जुरीनामा फाराम भर्ने र रगतको नमुना सङ्कलन गर्ने कार्य एकीकृत रुपमा जिल्ला प्रहरी कार्यालयबाट भइरहेको उहाँले बताउनुभयो। बाढीमा परी ज्यान गुमाएकामध्ये एक सय दुई शव परीक्षण तथा पहिचानका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएका ७६ शवलाई जमिनमुनि व्यवस्थापन गरिएको थियो। यस्तै २१ शव पहिचान गरी आफन्तलाई बुझाइएको थियो भने पाँच शव अझै पनि अस्पतालमा रहेको जनाइएको छ। बाँकी रहेका शव पनि पहिचान गर्न कठिनाई भएका कारण व्यवस्थापन गर्ने तयारी भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो। जमिनमुनि व्यवस्थापन गरिएका शवको 'डिएनए' नमुना सङ्कलन गरिएकाले शव पहिचानका लागि आउने आफन्तको 'डिएनए' नमुना सङ्कलन भइरहेको छ।

शवबाट सङ्कलन गरिएको 'डिएनए' नमुना राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाइएको छ। आफन्तको 'डिएनए'सँग मेल खाएमा पछि पुनः पहिचान गरी आफन्तलाई शव बुझाउन मिल्ने गरी शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ। बाढीपछि त्रिशुली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्न स्थान अभाव भएपछि पोखरा ल्याइएको थियो। नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट २३ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको थियो।

## पोखरामा थप पाँच शव व्यवस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

भोटेकोशी-त्रिशूली बाढीमा ज्यान गुमाएका थप पाँच जनाको शव शुक्रबार पोखरामा व्यवस्थापन गरिएको छ।

पहिचान हुन नसकेपछि दुई महिला, दुई पुरुष र एक बालकको शव पोखरा महानगरपालिका-१६ स्थित वनक्षेत्रमा जमिनमुनि व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। शव परीक्षण तथा पहिचानका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मणिपाल शिक्षण अस्पतालमा ल्याइएका १०२ शवमध्ये यसअघि ७६ शवलाई सोही स्थानमा जमिनमुनि व्यवस्थापन गरिएको थियो। एक्काइस शव पहिचान गरी आफन्तलाई हस्तान्तरण गरिएको थियो। जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नवीन कार्कीले जमिनमुनि व्यवस्थापन गरिएका शवको 'डिएनए' नमूना सङ्कलन गरिएको बताउनुभयो। आफन्तको 'डिएनए'सँग मेल खाएमा पछि पुनः पहिचान गरी आफन्तलाई शव बुझाउन मिल्नेगरी व्यवस्थापन गरिएको उहाँको भनाइ छ। अहिलेसम्म पोखरामा २५ जना आफन्तको 'डिएनए' नमूना सङ्कलन गरिएको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो।

बाढीमा बेपत्ताहरूको खोजी तथा शव पहिचानका लागि उहाँहरूका आफन्तको 'डिएनए' नमूना सङ्कलन भइरहेको हो। 'डिनएन'का लागि निवदेन, मञ्जुरीनामा फाराम भर्ने र रगतको नमूना सङ्कलन गर्ने कार्य एकीकृत रूपमा जिल्ला प्रहरी कार्यालयबाट भइरहेको छ। बाढीपछि त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्न स्थान अभाव भएपछि पोखरा ल्याइएको थियो। नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट २३ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको थियो।

## गण्डकीका यातायात व्यवसायीबाट २७ लाख बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

गण्डकी प्रदेशमा क्रियाशील विभिन्न यातायात प्रालिहरूले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि रु २७ लाख ३५ हजार ८९५ सहयोग गरेका छन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेश समितिमा आबद्ध विभिन्न यातायात कम्पनी तथा समितिहरूबाट उक्त रकम सङ्कलन गरेर प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको महासङ्घ गण्डकी प्रदेश संयोजक महेशबहादुर थापाले जानकारी दिनुभयो। महासङ्घ प्रदेश समितिका आबद्ध यातायात कम्पनी पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालिले रु १० लाख ११ हजार १११, पोखरा यातायात प्रालिले रु चार लाख र पोखेली ट्याक्सी सेवा प्रालिले रु तीन लाख बाढीपीडितका लागि सहयोग गरेका छन्। त्यसैगरी, धवलागिरि कालिका यातायात प्रालिले दुई लाख पाँच हजार ५५५, स्थानीय यातायात प्रालिले रु एक लाख ५१ हजार १११, बेगनासताल पोखरा यातायात प्रालिले रु एक लाख एक हजार १११, गोरखा दरौंदी यातायात रु एक लाख एक हजार १११, स्याङ्जा गण्डकी यातायात रु एक लाख एक हजार १११ तथा धवलागिरि गण्डकी यातायात प्रालिले रु एक लाख सहयोग गरेका छन्। यसैगरी, एवन ग्रेटर नेपाल यातायात प्रालिले रु ५५ हजार ५५५, सिद्धबाबा यातायात सेवा प्रालिले रु ५१ हजार १११, मुस्ताङ मुक्तिनाथ यातायात प्रालिले रु ५१ हजार, धवलागिरि अञ्चल यातायात सेवा प्रालिले रु ५० हजार, तनहुँ व्यासभूमि यातायात प्रालिले रु ३६ हजार ६६६, लमजुङ कालिका यातायात सञ्चालक प्रालि, गण्डकी मम्फौला मिनीट्रक सञ्चालक समिति र गण्डकी ट्र्याक्टर तथा मिनीट्रक यातायात प्रालिले रु २५ हजार ५५५ का दरले सहयोग गरेको महासङ्घका सचिव अर्जुन पौडेलले जानकारी दिनुभयो। त्यसैगरी, पोखरा फेवा यातायात प्रालिले रु २५ हजार र बागलुङ घुम्टे यातायात प्रालिले रु २० हजार कोषमा सहयोग गरेका छन्। गण्डकी प्रदेशमै क्रियाशील कास्कीको अन्नपूर्ण घोडेपानी घान्द्रुक यातायात प्रालिले यसअघि नै रु एक लाख ११ हजार १११ र स्याङ्जा पर्वत यातायात प्रालिले रु २१ हजार जम्मा गरेको महासङ्घ गण्डकीले जनाएको छ।


विपद्को समयमा यातायात व्यवसायीहरूले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै बाढी प्रभावित नागरिकको राहत तथा उद्धारमा गरेको सो सहयोग रकम प्रभावित नागरिकसम्म पुग्ने अपेक्षा गरिएको सचिव पौडेलले बताउनुभयो। समितिले सहयोग गर्ने सबै यातायात व्यवसायी तथा संस्थाप्रति धन्यवाद व्यक्त गरेको छ।

## झोलुङ्गे पुल निर्माणपछि घण्टौ लाग्ने दूरी १० मिनेटमै सीमित

**पोखरापत्र संवाददाता**
वालिङ, २६ भदौं

स्याङ्जाको गल्याङ नगरपालिका ७ र ११ लाई जोड्ने गरी आँधीखोलामा झोलुङ्गे पुल निर्माण गरिएको छ।

गल्याङ ११ को बुढाथोकी डाँडा र वडा न ७ को सेनापुकलाई जोड्ने ४४४ मिटर लम्बाइको उक्त पुल निर्माणपछि सेनापुकबाट सिद्धार्थ राजमार्ग १० मिनेटमै आउन सकिने भएको हो। यसअघि सेनापुकबाट त्यहाँ आइपुग्न एक घण्टा लाग्दै आएको थियो। सेनापुक लगायत आँधीखोला पारी रहेको बाक्लो बस्तीका नागरिकको सहजतासँगै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा यो पुल उपयोगी हुने गल्याङ नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो। "पुल निर्माण भएपछि स्थानीयलाई आवतजावत, ब्यापार व्यवसाय, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनयापनका लागि सहज र सरल भएको छ" उहाँले भन्नुभयो, "पुल निर्माणसँगै गल्याङलाई भौतिक, आर्थिक र सामाजिक दृष्टिले मजबुत बनाउँदै समग्र नगरलाई विकासको नयाँ आयाममा अघि बढाउने अपेक्षा गरेका छौँ।" सडक किनारामै रहेको, अग्लो र लामो झोलुङ्गे पुल अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको चलपहलबाट यस क्षेत्रले आर्थिक लाभ लिन सक्ने उहाँको दावी छ। पुल निर्माण भएपछि कृषि तथा पशुपालनका दृष्टिले उपयुक्त रहेको उक्त स्थानमा संभावनाका ढोका खुल्ने तथा गाउँबाट शहरमा बसाई सर्ने दर पनि घट्ने विश्वास लिइएको छ। पुल नहुँदा विद्यार्थी पाँच किलोमिटर पैदल हिँडेर गल्याङका विद्यालयमा पुग्नुपर्ने बाध्यता अब अन्त्य भई दुई किलोमिटरमै सिमित भएको स्थानीय रामप्रसाद अर्यालले बताउनुभयो। "दैनिक बजार, विद्यालय, अस्पताल जान लागि गाउँबाट अटोले ३०० देखि ५०० सम्म लिने गरेको बताउँदै अर्यालले भन्नुभयो, "पुल तर्नासाथै सिद्धार्थ राजमार्ग छ, त्यहाँबाट जतिबेला पनि गाडी पाइन्छ, पहिलाभन्दा सस्तो र छिटो हुने गरेको छ।" स-साना विद्यार्थीलाई विद्यालय पठाउन गाउँ नजिकैको खोलाको जोखिमले खोला तार्न अभिभावक जानुपर्ने बाध्यतासमेत पुल निर्माणले अन्त्य गर्दिएको छ। पुल सञ्चालनमा आएपछि गाउँका बहुआयामिक क्षेत्रमा फाइदा पुगेको स्थानीय अर्यालको दाबी छ।

# शिक्षा र स्वास्थ्यका लागि ओलम्पिक मूल्य तथा सामुदायिक दौडबारे अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं



शिक्षा र स्वास्थ्यका लागि ओलम्पिक मूल्य तथा सामुदायिक दौडसम्बन्धी अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भएको छ।

नेपाल भूतपूर्व खेलाडी मञ्च र नेसनल ओलम्पिक एकेडेमी नेपालको संयुक्त आयोजनामा शुक्रवार पोखरामा उक्त अन्तरक्रिया गरिएको हो।

नेसनल ओलम्पिक एकेडेमी नेपालका अध्यक्ष तेजबहादुर गुरुङले कार्यक्रममा प्रस्तुतिकरण राख्दै ओलम्पिकका मूल्यमान्यता र अभियान तथा नेसनल एकेडेमीको बारे जानकारी गराए । गुरुङले ओलम्पिक शिक्षालाई विद्यालय तहसम्म पुऱ्याउन आवश्यक रहेको बताउँदै त्यसका लागि एकेडेमीले तयारी गरिरहेको र पाइलट प्रोजेक्टको रुपमा २५ बिद्यालयबाट काम शुरु गरिने जानकारी दिए । उनले खेलकुदमार्फत विद्यार्थीमा ओलम्पिकका ३ प्रमुख मुल्यहरु उत्कृष्टता, सम्मान र मित्रता मार्फत बिद्यार्थीहरुको ब्यक्तिगत एवम् समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने बताए।

उनले भने, "ओलम्पिक भनेको खेलकुद प्रतियोगिता मात्रै होइन, यो अनुशासन, सम्मान, मित्रता र उत्कृष्टताको मूल्य सिकाउने माध्यम पनि हो। त्यसैले ओलम्पिक शिक्षालाई विद्यालय तहबाटै अघि बढाउन अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिको 'ओभेप' कार्यक्रममा आधारित भई खेल शिक्षकमार्फत विद्यार्थीलाई खेलसँगै ओलम्पिकका मूल्यमान्यता सिकाउन सके यसले उनीहरूको व्यक्तित्व विकास र समाज रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ"। नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले कार्यक्रमको अवधारणा माथि प्रष्ट पर्दै मञ्चले आयोजना गर्दै आएको पोखरा अन्तर्राष्ट्रिय म्याराथन र मासिक दौडलाई थप प्रभावकारी बनाउँदै लैजाने बताए । दौड संस्कृतिलाई विद्यालय तहसम्म पुऱ्याउने उद्देश्यले स्कुलहरूमा कार्यक्रम विस्तार गर्ने विषयमा छलफल भइरहेको उनको भनाई थियो। उनले अहिले सञ्चालन भइरहेको मासिक दौडमा आमा समूहको सहभागिताले सबैको ध्यान आकर्षित गर्न सफल भएको उल्लेख गरे।

नेपाल भूतपूर्व खेलाडी मञ्चका निवर्तमान अध्यक्ष हरि प्रसाद पराजुलीले मञ्चको स्थापना, उद्देश्य र हालसम्म गर्दै आएका गतिविधिबारे जानकारी गराएका थिए । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघकि नव नवनिर्वाचित अध्यक्ष शोभा गौतम संस्थापक मञ्चका अध्यक्ष खड्ग बहादुर रानाभाट, सचिव महेश पौडेल, एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङ,बिद्यालय खेलकुद महासंघका कास्कीका अध्यक्ष कृष्ण केसीले संस्था सगँ सहकार्य गदै अगाडि बढने बताए । सोहि अवसर पारेर संस्थाले पोखरा उद्योग वाणिज्य संघको नवनिर्वाचित टिम र एन प्याब्सन कास्कीका नवनिर्वाचित अध्यक्ष मनकाजी गुरुङलाई बधाई ज्ञापन गरेको थियो।

# विदेशबाट फर्किएका युवा भेडापालनमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ भदौं



रोजगारीका लागि विदेश जाने युवाको सङ्ख्या बढिरहेका बेला म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्धारका केही युवाले भने विदेशमा सिकेको सीप र कमाएको पुँजी गाउँमै लगानी गरेर भेडापालन व्यवसाय सुरु गरेका छन्।

पाउद्धारका ३८ वर्षीय मनिराम पाइजा छ वर्ष रोजगारीका लागि दुबईमा बस्नुभयो। विदेशमा रहँदा सिकेको व्यावसायिक ज्ञान र सीप तथा त्यहाँबाट आर्जन गरेको पुँजीलाई आफ्नै गाउँमा लगानी गर्ने सोच बनाएर उहाँले भेडापालन सुरु गर्नुभएको छ । उहाँलाई सोही ठाउँका कमल मगर र अरुण मगरले साथ दिनुभएको छ । दुवै जना वैदेशिक रोजगारीबाट फर्किनुभएको हो।

मनिराम, कमल र अरुणको समूहले अहिले करिब ५०० भेडा पालेको छ। भेडापालनमा उहाँहरूले रु एक करोडभन्दा बढी लगानी गर्नुभएको छ। घान्द्रुक र मुस्ताङबाट भेडा खरिद गरी ल्याउनुभएको हो । बर्खायाममा भेडाको बथान समुद्री सतहदेखि चार हजार मिटरभन्दा बढी उचाइमा रहेको खयरखोला क्षेत्रमा पुग्छ । लेकका खर्कमा हरियो घाँस चराएर भेडा पाल्ने र जाडो बढेसँगै बथानलाई क्रमशः तल्लो क्षेत्रमा झार्ने गरिन्छ । हिउँदमा भेडा चराउँदै कास्की र पर्वतसम्म पुग्ने गरेको मनिरामले सुनाउनुभयो। "मिहिनेत गर्न सके भेडापालनबाट राम्रो आम्दानी गर्न सकिन्छ", उहाँले भन्नुभयो, "विदेशमा काम गर्दा जस्तो अरूको व्यवसायका लागि श्रम गर्नुभन्दा आफ्नै ठाउँमा लगानी गरेर काम गर्दा आत्मसन्तुष्टि पनि मिलेको छ।" पाउद्धारका लेकाली खर्कमा चराइएका भेडा धार्मिक तथा सांस्कृतिक प्रयोजनका लागि माग हुने गरेका छन्। खयरखोला र आसपासका हिमाली क्षेत्रमा पाइने जडीबुटीयुक्त घाँस खाएर हुर्किएका भेडालाई पूजा एवं बलिका लागि उपयुक्त मानिन्छ। चाडपर्वका समयमा मासुका लागि यस्ता भेडाको माग हुन्छ। गोठ र खर्कबाटै भेडा बिक्री हुने गरेका छन्। एउटा भेडा रु २० हजारदेखि ३५ हजारसम्ममा बिक्री हुने गरेको मनिरामले बताउनुभयो। यस वर्षको जनैपूर्णिमा पर्वमा खयरभारानी क्षेत्रमा लागेको मेलामा बलिका लागि ५० भन्दा बढी भाले भेडा र बोका बिक्री भएका थिए।

बस्तीबाट टाढा लेकाली खर्कमा घुम्ती गोठ सञ्चालन गरेर भेडापालन गर्न भने सहज छैन। चितुवा र ब्वाँसोबाट भेडा बाख्रा जोगाउनु मुख्य चुनौती हो । वन्यजन्तुको आक्रमणबाट बथानलाई जोगाउन उहाँहरूले भोटे कुकुर पाल्नुभएको छ । दिनभर भेडासँगै चरन क्षेत्रमा जाने कुकुरले रातको समयमा खर्कमा गोठको सुरक्षा गर्ने गरेका छन् । भेडापालनसँगै मनिरामको समूहले खोपारा हुँदै खयरतर्फ जाने पर्यटकलाई घुम्ती गोठमै खाने तथा बस्ने सुविधा पनि उपलब्ध गराउँदै आएको छ । यसले पशुपालनसँगै ग्रामीण पर्यटनलाई जोड्ने अवसर सृजना गरेको छ। खर्कको अवस्था र मौसमअनुसार भेडाबाख्राको बथानसहित गोठ बर्खामा लेकतर्फ र हिउँदमा बैंसीतर्फ सार्ने चलन पाउद्धारमा पुस्तौँदेखि चलिआएको छ। पुराना पुस्ताका किसानको निधन तथा युवाको सहर र विदेश पलायनसँगै यस्तो घुम्ती गोठको परम्परा क्रमशः हराउँदै गएको अवस्थामा मनिरामसहितका युवाले यसलाई निरन्तरता दिने प्रयास गरेका छन्। "गाउँमै बसेर पनि व्यवसाय गर्न सकिन्छ भन्ने देखाउन चाहेका छौँ", कमलले भन्नुभयो, "परम्परागत पेसालाई आधुनिक व्यवसायसँग जोडेर अघि बढाउने हाम्रो प्रयास हो।" उहाँहरूका अनुसार भेडाबाख्रा बिरामी हुँदा औषधोपचार तथा प्राविधिक सेवा, घुम्ती गोठ निर्माण र रातको समयमा उज्यालोका लागि सौर्य ऊर्जाको व्यवस्थापन आवश्यक छ।

स्थानीय तह र सम्बन्धित निकायबाट यस्ता क्षेत्रमा सहयोग पाए भेडापालनलाई थप विस्तार गर्न सकिने उहाँहरूको अपेक्षा छ। विदेशबाट फर्किएका युवाले आफ्नै गाउँको वनपाखा र खर्कमा श्रम तथा पुँजी लगानी गरेर सुरु गरेको भेडापालनले स्वरोजगार सृजना गर्नुका साथै लोपोन्मुख बन्दै गएको घुम्ती गोठको परम्परालाई निरन्तरता दिने आधार तयार गरेको छ।

# काठे पुलकै भरमा बैंसीसहर-चामे सडक

**पोखरापत्र संवाददाता**
लमजुङ, २६ भदौं

लमजुङको बैंसीसहरबाट हिमाली जिल्ला मनाङ जोड्ने बैंसीसहर-चामे सडकमा हाल तीन स्थानमा काठे पुल रहेका छन् । वर्षायाममा खोलामा पानीको मात्रा बढेपछि ती पुलबाट सवारीसाधन सञ्चालन गर्न जोखिम रहन्छ।

डुम्रे-बैंसीसहर-चामे सडक आयोजनाका सूचना अधिकारी नवीन विष्टका अनुसार चामे बजार क्षेत्रमा दुई र स्यार्कु खोलामा एउटा काठे पुल छ। अस्थायी प्रकृतिका यस्ता पुलबाट सवारीसाधन सञ्चालन गर्न समस्या हुने गरेको छ । समस्या समाधानका लागि यस सडकखण्डमा १५ पक्की पुल निर्माणको माग गरिएको थियो।

"पर्याप्त बजेट अभावमा पक्की पुल निर्माण हुन सकेन", सूचना अधिकारी विष्टले भन्नुभयो, "पुल निर्माणका लागि आवश्यक डिजाइन तयार पारिएको छ, बजेट आइहाले पनि न्यून आउँछ, त्यसले पुल निर्माणको काम अघि बढाउन सम्भव हुँदैन। यस वर्ष पुलका लागि बजेट नै आएको छैन।"

सूचना अधिकारी विष्टका अनुसार सडकखण्डमा कतिपय स्थानमा ह्युमपाइप राखेर सवारीसाधन सञ्चालन गर्नुपर्ने अवस्था छ।

मनाङलाई सडक सञ्जालसँग जोड्ने उद्देश्यले बैंसीसहर-चामे सडक २०५१ सालदेखि निर्माण सुरु भएको थियो। सशस्त्र द्वन्द्वका कारण निर्माण कार्य प्रभावित भएपछि नेपाली सेना २०५७ सालदेखि सडक निर्माणमा सहभागी भएको थियो । सेनाले ६५ किलोमिटर सडक निर्माण गरी २०६९ सालमा सडक विभागलाई हस्तान्तरण गरेको थियो। सडकको ३५ किलोमिटर क्षेत्र लमजुङ र ३० किलोमिटर मनाङतर्फ पर्छ। "कतिपय स्थानमा बेलिब्रिज तथा पक्की पुल बने पनि बाढीपहिरोबाट क्षति पुगेपछि अस्थायी काठे पुल राख्नुपर्ने अवस्था आएको हो", सूचना अधिकारी विष्टले भन्नुभयो।

विसं २०८० असारमा चामे गाउँपालिका-१ तिमाङ खोलाको काठे पुल र चामे-२ स्थित स्यार्कु खोलाको काठे पुल जीर्ण भएर भाँचिएपछि बैंसीसहर-चामे सडक दुई दिन अवरुद्ध भएको थियो। दुवै पुलमा पुराना काठ हटाएर नयाँ राख्नुपरेको थियो । विसं २०७८ मा पनि तिमाङ छहरामा काठे पुल जीर्ण भएपछि त्यसलाई विस्थापन गर्न स्ल्याब कल्भर्ट निर्माणका लागि १५ दिनसम्म सडक बन्द गर्नुपरेको थियो। चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेका अनुसार गाउँपालिकाभित्रै चामे बजार बीचमा दुई स्थानमा काठे पुल छन्।

काठे पुलमा ठूला सवारीसाधन सञ्चालनमा समस्या हुने गरेको उहाँले बताउनुभयो। "हरेक वर्ष मर्मत गर्दै आएका छौँ," उहाँले भन्नुभयो। काठे पुलका कारण सडक अवरुद्ध हुँदा मनाङवासीले आवतजावतदेखि खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको ढुवानीसम्म समस्या भोग्नुपर्ने अध्यक्ष घलेले बताउनुभयो।

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Hli 40200000139 | विष्णु वि.क. | कुस्मा-१, पर्वत |


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# उमेर नपुग्दै बने आमा, निम्त्याउँदै स्वास्थ्य जोखिम

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ भदौं

बागलुङमा उमेर नपुग्दै आमा बन्नेको सङ्ख्या अधिक रहेको पाइएको छ । जिल्लामा २० वर्ष उमेर नपुग्दै आमा बन्नेको सङ्ख्या ३६२ पुगेको स्थानीय स्वास्थ्य संस्थाले जनाएका छन्। सचेतनाको अभावले जिल्लाका दुर्गम क्षेत्रमा कानुनले बर्जित गरेको बालविवाह अझै भइरहेको उमेर नपुग्दै आमा बन्नेको सङ्ख्याले पुष्टि गरेको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माका अनुसार जिल्लाभर आर्थिक वर्ष २०८२/८३ मा ३६२ किशोरी आमा बनेका थिए। उनीहरूले बागलुङका विभिन्न स्वास्थ्य संस्थामै पुगेर बच्चा जन्माएका हुन्। बीस वर्षभन्दा कम उमेर समूहका ३८८ किशोरीले पहिलोपटक गर्भजाँच गराएका थिए। "उमेर नपुग्दै विवाह गर्न पाइँदैन तर यहाँ २० वर्ष नपुग्दै आमा बनेका किशोरीको सङ्ख्या उच्च छ", शर्माले भन्नुभयो, "शरीर परिपक्व नहुँदै आमा बन्दा विभिन्न जटिल स्वास्थ्य समस्या देखिने, मातृशिशु मृत्युदर बढ्ने र दीर्घकालीन रूपमा आमालाई स्वास्थ्य समस्या आउने जोखिम हुन्छ।"

आव २०८१/८२ मा २० वर्षभन्दा कम उमेरका ३०८ किशोरी आमा बनेका थिए। यस्तै आव २०८०/८१ मा ३६० किशोरी आमा बनेको विवरण छ । विश्व स्वास्थ्य सङ्गठनले गर्भवती भएदेखि सुत्केरी हुने समयसम्म आपत्कालीनबाहेक नियमित रूपमा आठपटक गर्भजाँच गर्नुपर्ने बताए पनि बागलुङमा भने गर्भको पहिचान भएपछि सुत्केरी हुने समयसम्म जाँच गर्ने किशोरीको सङ्ख्या न्यून छ। पहिलो गर्भ जचाउनेभन्दा दोस्रो गर्भ जचाउनेको सङ्ख्या क्रमशः कम देखिएकाले सचेतनाको अझै खाँचो देखिएको छ । कानुनमा बर्जित गरिएको बालविवाह रोक्न बागलुङका १० वटै स्थानीय तहमा सचेतनामूलक कार्यक्रम हुँदै आए पनि प्रभावकारी देखिएको छैन । एकीकृत सेवा कार्यालयले गाउँगाउँमा पुगेर बालविवाहलगायतका विषयमा सचेतनामूलक कार्यक्रम गर्दै आएको छ । निसीखोला गाउँपालिका स्वास्थ्य शाखा प्रमुख जुनी घर्तीका अनुसार बालविवाहका बारेमा आम जानकारी प्राप्त नहुने अवस्था छ । निसीखोलामा स्वास्थ्य सूचकमा वृद्धि भए पनि अशिक्षा, चेतनाको अभावमा दूरदराजका महिला अझै गोठमा सुत्केरी हुने गरेको उहाँको अनुभव रहेको छ।

कमजोर आर्थिक अवस्था, सचेतनाको कमी, सामाजिक र पारिवारिक दबाबका कारणले पनि बागलुङका गाउँगाउँमा किशोरावस्थामा विवाह हुने गरेको छ। बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र गलकोट नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त घोषणा भइसकेका छन् । बडिगाड गाउँपालिका पोषणमैत्री पालिका घोषणा भएको छ। अन्य स्थानीय तह प्रक्रियामा छन् । बालमैत्री स्थानीय शासनयुक्त घोषणा भएकै स्थानीय तहका किशोरी धमाधम आमा बनिरहेका छन्। शून्य बालविवाह भएको भन्दै बालमैत्री घोषणा गरिएको स्थानीय तहमा उमेर नपुग्दै सुत्केरी भएको पाइएको छ। धवलागिरि प्रादेशिक अस्पताल बागलुङका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा विजय ओझाका अनुसार कम उमेर समूहका गर्भवतीमा पोषण नपुग्ने, सामान्य सुत्केरी हुन नसक्ने, लामो प्रश्रव पीडा हुने, रगत बग्नेजस्ता समस्या देखिन्छ।

# तनहुँमा एक वर्षमा २२ किलोमिटर सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ भदौं

पूर्वाधार विकास कार्यालय तनहुँले एक वर्षको अवधिमा २२ दशमलव ४२ किलोमिटर सडक कालोपत्र गरेको छ । आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले गरेको कालोपत्रका बारेमा जानकारी दिएको हो।

उक्त आर्थिक वर्षमा ३० किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य राखिएको थियो। कार्यालय प्रमुख रवीन्द्र तिवारीले गत आर्थिक वर्षमा जिल्लाका विभिन्न सडकखण्डमा कालोपत्र गर्ने काम अघि बढाइएको बताउनुभयो । लक्ष्यअनुसार काम सम्पन्न हुन नसके पनि सडक स्तरोन्नतिमा उल्लेख्य प्रगति भएको उहाँले उल्लेख गर्नुभयो। सो आवमा १ दशमलव ६७ किलोमिटर कच्ची सडक निर्माण सम्पन्न भएको छ । सो अवधिमा तीन किलोमिटर कच्ची सडक निर्माण गर्ने लक्ष्य थियो । यस्तै, १५ किलोमिटर सडक चौडाइको लक्ष्य राखिएकामा १२ दशमलव ३७ किलोमिटर सडक चौडाइ विस्तार भएको छ। तिवारीका अनुसार सडक पूर्वाधारलाई व्यवस्थित बनाउन २१ दशमलव ५९ किलोमिटर नाली निर्माण भएको छ। नाली निर्माणको लक्ष्य २५ किलोमिटर थियो। त्यस्तै सडक संरक्षणका लागि २१ हजार ४२७ घनमिटर पर्खाल निर्माण भएको छ । सो अवधिमा २५ हजार घनमिटर पर्खाल निर्माण गर्ने लक्ष्य राखिएको थियो । तिवारीका अनुसार उक्त अवधिमा ६० वटा कजवे, कल्भर्ट निर्माण गर्ने लक्ष्य राखिएकामा ५६ वटा कजवे तथा कल्भर्ट निर्माण सम्पन्न भएको छ। पुल निर्माणमा भने कार्यालयले शत्प्रतिशत पूरा गरेको छ । सो आर्थिक वर्षमा तीन वटा झोलुङ्गे पुल र तीनवटा सडक पुल निर्माण सम्पन्न भएका छन्। दुवै प्रकारका पुल निर्माणको लक्ष्य तीन-तीन वटा नै थियो । आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार विकास कार्यालय तनहुँले ३८ किलोमिटर सडक कालोपत्र सम्पन्न गरेको थियो। त्यसैगरी, २०८१/८२ मा एक दशमलव सात किलोमिटर कच्ची सडक, सात दशमलव चार किलोमिटर ग्राभेल सडक, ४२ किलोमिटर सडक चौडाइ विस्तार, ४५ दशमलव छ किलोमिटर नाली निर्माण, ५३ हजार ६१३ घनमिटर पर्खाल निर्माण भएको थियो। सो वर्ष सात वटा कजवे-कल्भर्ट र तीनवटा सडक पुल निर्माण सम्पन्न भएका थिए । कार्यालयका अनुसार सडकको स्तरोन्नति, चौडाइ विस्तार, नाली तथा संरक्षण संरचनासँगै कालोपत्रको कामलाई निरन्तरता दिइएको छ। जिल्लाका सडकलाई थप व्यवस्थित र सुरक्षित बनाउँदै आवागमन सहज बनाउन आगामी वर्ष सडक कालोपत्र तथा स्तरोन्नतिका योजनालाई प्राथमिकतामा राखिएको तिवारीले बताउनुभयो।

कार्यालयले सडकतर्फ रु ७१ करोड ७२ लाख ८२ हजार बजेट विनियोजन गरिएकामा रु ६१ करोड ७२ लाख ८१ हजार खर्च भएको छ। सडक पुलतर्फ रु २२ करोड १६ लाख ९६ हजार विनियोजन गरिएकामा रु २१ करोड ७१ लाख ८९ हजार खर्च भएको छ। यस्तै, झोलुङ्गे पुलतर्फ रु ९२ लाख ६९ हजार बजेट विनियोजन भएकामा रु ९२ लाख छ हजार खर्च भएको छभने सहरी विकास तथा भवनतर्फ रु ४० लाख विनियोजन भएकामा रु ३३ लाख नौ हजार खर्च भएको छ।

# चिनाकोटमा पर्यटकीय पूर्वाधार निर्माण

**रासस**
म्याग्दी, २६ भदौं

म्याग्दीको मङ्गला गाउँपालिका-३ मा रहेको ऐतिहासिक चिनाकोट दरबार क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण भएको छ।

गण्डकी प्रदेश सरकार, मंगला गाउँपालिका, चिनाकोत आमा समूह र देउराली सामुदायिक वन उपभोक्ता समूहको रु ५० लाख बढी लगानीमा पूर्वाधार निर्माण भएको हो । चिनाकोत संरक्षण तथा व्यवस्थापन समितिका सचिव प्रकाश पुनले आर्थिक वर्ष २०७६/७७ देखि २०८२/८३ सम्म चिनाकोतको पर्यटन पूर्वाधार निर्माणमा प्रदेश सरकारबाट रु ४० लाख, मङ्गला गाउँपालिकाबाट रु आठ लाख र आमा समूहको रु दुई लाख लगानी भएको बताउनुभयो ।

"एक किलोमिटरभन्दा बढी पक्की र करिब दुई किलोमिटर कच्चि पदमार्ग तथा सडक, दृश्य अवलोकन स्थल र आश्रयस्थल निर्माण भएको छ," उहाँले भन्नुभयो "बरंजा गाउँदेखि चिनाकोटसम्म विद्युत् विस्तारमा देउराली सामुदायिक वन उपभोक्ता समूह तथा योजना कार्यान्वयनमा विनियोजन भएको कुल बजेटको १० प्रतिशत स्थानीयबासीले



श्रमदान गरेका छौँ। खानेपानीको व्यवस्था गरिएको छ।"

विसं २०७५ अघिसम्म सुनसान चिनाकोटमा पूर्वाधार निर्माण भएपछि आन्तरिक पर्यटक आउन थालेको देउराली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष टेकबहादुर छन्त्यालले बताउनुभयो । "सङ्घीयता अघिसम्म एउटा टहरा मात्र रहेको चिनाकोटमा प्रदेश र स्थानीय तह मार्फत सुरक्षित रूपमा पुग्न सकिने पदमार्ग बनेपछि पाहुना आउन थालेका हुन्," उहाँले भन्नुभयो, "पहाडको टाकुरामा रहेको चिनाकोटमा सुरक्षाका लागि वरपर घेराबार र पुरातात्विक महत्वका सामग्रीको संरक्षणको आवश्यकता छ।"

समुन्द्री सतहदेखि दुई हजार २०० मिटर उचाइमा रहेको चिनाकोटबाट सूर्योदयको साथै अन्नपूर्ण, धौलागिरि, गुर्जा र माछापुच्छे हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ। मङ्गला गाउँपालिकाको ३ र ४ नम्बर वडामा समेटिएको बरञ्जाको शिरमा रहेको चिनाकोटदेखि म्याग्दीको पश्चिमी भेगका ग्रामीण बस्ती, पहाडी भूगोल, नागबेली परेर बगेको म्याग्दी नदी अवलोकन गर्न सकिन्छ। बरञ्जाका अगुवा रणबहादुर रोकाका अनुसार भुरे टाकुरे राजाका पालामा चिनाकोटमा बरञ्जी राजाको दरबार थियो । "दरबारका पर्खालको भग्नावशष, खाद्यान्न पिस्नका लागि प्रयोग हुने जातो लगायतका ऐतिहासिक वस्तुहरू अझै चिनाकोटमा छन्," उहाँले भन्नुभयो, "रानीको कपाल कोर्ने ढुङ्गा, बेहुला, बेहुली नाम गरेका ढुङ्गा पनि अवलोकन गर्न सकिन्छ।" चिनाकोटको फेदीमा रहेको थर्पुगाउँको दरबारमा खुडा, तरबार, ढाललगायत परम्परागत युद्धमा प्रयोग हुने हात हतियार छन्।

मङ्गला गाउँपालिका-३ का कार्यवहाक वडाअध्यक्ष भेषकुमारी पुनले बर्खायाम बाहेकको समयमा बिदा मनाउनका लागि क्याम्पिङ गर्नका लागि यहाँ पाहुनाहरू आउने गरेका छन् । बस्तीदेखि टाढा र एकान्त वातावरणमा रहेको चिनाकोटमा वनभोजका लागि आउनेलाई लागि भाँडावर्तनको व्यवस्था मिलाइएको छ।

चिनाकोट नजिकै रहेको घारसुन्ने डाँडामा दृश्य अवलोकनस्थल बनाइएको छ । पहाडको टाकुरामा रहेको गोलो आकारको ढुङ्गामा वरपर घेराबार बनाएर त्यहाँसम्म पुग्ने पदमार्ग बनाइएको छ। म्याग्दीको सदरमुकाम बेनी बजारदेखि तातोपानी बरञ्जा हुँदै गाडीमा एक घण्टाको यात्रापछि चिनाकोट पुगिन्छ। बरञ्जादेखि पैदलयात्रा गरेर चिनाकोट पुग्न दुई घण्टा लाग्छ । होटल तथा रेष्टुरेन्ट नभएकाले खाद्य सामग्री पाहुना आफैँले व्यवस्थापन गर्नुपर्छ।

पर्यटकीय पूर्वाधारको म्याग्दी १(ख) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले बुधबार उद्घाटन गर्नुभयो । उहाँले चिनाकोटको साथै झाँक्रीपानी र गम्फाधुरीलगायत बरञ्जाका पर्यटकीयस्थलमा पूर्वाधार निर्माणमा प्रदेश सरकारले लगानी गरिरहेको बताउनुभयो।

पूर्वाधारको उपभोग गरी पर्यटक भित्र्याएर आयआर्जन, रोजगारी सिर्जना र आत्मनिर्भरतातर्फ अग्रसर हुन उहाँले स्थानीयबासीलाई आग्रह गर्नुभयो । बरञ्जाका बासिन्दासमेत रहनुभएका संविधानसभा सदस्य गमबहादुर श्रीस, मङ्गला गाउँपलकाका उपाध्यक्ष प्रेमकुमारी क्षेत्री र मङ्गला-४ का वडाअध्यक्ष लालबहादुर रोकाले ऐतिहासिकस्थल, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासमार्फत समृद्धि हासिल हुने विश्वास व्यक्त गर्नुभयो।

# पूर्व कर्मचारी सेवा परिषद् गण्डकी प्रदेश शाखाद्वारा भोटेकोशी बाढीपिडितलाई तीन लाख बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २६ भदौं

पूर्व कर्मचारी सेवा परिषद् गण्डकी प्रदेश शाखाले भाद्र १० गते भोटेकोशी त्रिशूली नदिमा आएको अकल्पनिय विध्वंशक वाढीको प्रकोपबाट पिडित परिवारको सहयोगार्थ ३ लाख २७ हजार ९२ रुपैयाँ सहयोग प्रदान गरेको छ।

परिषदले आफ्ना सदस्यहरुबाट संकलन गरेको राहत रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रधानमन्त्री दैवि प्रकोप राहत कोष खातामा गरेको परिषद्का गण्डकी प्रदेश अध्यक्ष गिरधारी सुवेदीले जानकारी गराउनु भयो।

परिषद् धार्मिक, आध्यात्मिक तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहदै पूर्व कर्मचारीहरुको हकहितको संरक्षणका निम्ति सजग रहेको पनि सुवेदीले बताउनु भयो । गण्डकी प्रदेश शाखा परिषद्ले प्रदेशभित्र विभिन्न किसिमका सामाजिक कार्यहरु गर्दै आएको छ । परिषद्ले निःशुल्क स्वास्थ्य सचेतना तथा परिक्षण, सम्मान कार्यक्रम, अध्ययन अवलोकन भ्रमण, अन्तक्रिया कार्यक्रम, साहित्यिक कार्यक्रम, जेष्ठ नागरिकहरुको सम्मान लगायतका विविध कार्यक्रम गर्दै आएको उपाध्यक्ष सूर्यप्रसाद बरालले बताउनुभयो।

# असोज ८ गते सम्बोधन गर्नुहुने

**रासस**
काठमाडौं, १६ भदौं

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई आगामी असोज ८ गते सम्बोधन गर्नुहुने भएको छ।

उक्त महासभाको 'उच्चस्तरीय सामान्य बहस' आगामी असोज ६ देखि १२ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा सञ्चालन हुनेछ। महासभाको सामान्य बहसमा प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। यसपटकको महासभाको नारा 'विश्वास पुनःस्थापना, रूपान्तरणको व्यवस्थापनः सबैका लागि परिणाममुखी संयुक्त राष्ट्रसङ्घ' रहेको छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा अर्जुनचौपारी गाउँपालिका वडा नं. ०२ निवासी भारतीय भु.पू. सैनिक ५/१ GR का आर्मी नं. JC 178138W रैंक H/CAPT नाम लाल बहादुर गुरुङको श्रीमतीको नाम र जन्ममिति साथ छोरा र छोरीको ना.प्र.मा र सैनिक अभिलेखमा तपसिल बमोजिमको नाम थर र जन्ममिति फरक फरक परेकोले नामथर र जन्ममिति भएता पनि पारिवारिक विवरण व्यक्ति एउटै भनी सोही सम्वन्धित नियकामा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ७०/७१ मिति २०८३/०५/०५ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस गरिन्छ।

| क्र. सं. | नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्ममिति वि.सं. | सैनिक अभिलेखमा जन्ममिति ई.सं. |
|---|---|---|---|---|---|
| १ | लाल बहादुर गुरुङ |  | पेन्सनर | २०१०/०१/०३ |  |
| २ | देवीमाया गुरुङ | देवी माया गुरुङसेनी | श्रीमती | २०१५/०२/१६<br>२९-०५-१९५८ | ०९-११-२०१५<br>२०-०२-१९५९ |
| ३ | मिलन गुरुङ | चन्द्र बहादुर गुरुङ | छोरा | २०३५/०२/१९ | १९७८-०६-०१ |
| ४ | मायादेवी गुरुङ | ठगमाया गुरुङ | छोरी | २०३८/०७/१५ | १९८१-१०-१२ |

प्रमुख जिल्ला अधिकारी



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७ निवासी भारतीय भू.पू. सै.नं. ५७४९८६४P ४/८ जि.आर. का राइफलमेन जगत बहादुर आलेको माग निवेदन अनुसार निजको श्रीमती गीता कुमारी आलेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गीता कुमारी आले र जन्ममिति वि.सं. २०२२।०८।१३ (ई.सं.१९६५।११। २८) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नाथमर गीता कुमारी र जन्ममिति ई.सं.१९६६।०१।०५उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ८१० मिति २०८३।०५।२४ को सिफारिस पत्रबाट लेखी आएको जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, कास्की



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



लमजुङ जिल्ला हाल सुन्दरबजार नगरपालिका वडा नं. १० निवासी भारतीय भू.पू सैनिक नं. ५२४३६४२ F 4/3 GR TS नायक अमृत वहादुर अधिकारी थापाको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ५०६४) मा नामथर देउ माया अधिकारी भन्ने देव कुमारी थापा र जन्म मिति वि.स. २०१७/०३/१३ (ई.स. १९६०-०६-२६) उल्लेख भएको तर भारतीय सैनिक अभिलेखमा निजको नामथर देव कुमारी थापा र जन्म मिति वि.स. २०१९/०३/२७ (ई.स. १९६२-०७-११) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको सुन्दरबजार नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ७४ मिति २०८३/०५/२४ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक भुलभुले गा.वि.स. वडा नं. ०९ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०७ निवासी भारतीय भू.पू. सैनिक नं. 5446060 W 1/5 GR का हवल्दार ईन्द्र प्रसाद तमाङको पत्नी विष्णु कुमारी तमाङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ५७८४३) मा नामथर विष्णु कुमारी तमाङ उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर विष्णु कुमारी गुरुङ उल्लेख भई नामथर फरक परेता पनि उल्लेखित फरक-फरक नामथर गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको मर्स्याङ्दी गाउँपालिका ०७ नं. वडा कार्यालयको च.नं. २२१ मिति २०८३/०५/०३ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक भुलभुले गा.वि.स. वडा नं. ९ हाल मर्स्याङदी गाउँपालिका वडा नं. ७ निवासी भारतीय भु.पू.सैनिक नं. ५७४४३२१ TS (NK) दर सिं लाल गुरुङको श्रीमती मैकी तमाङ भन्ने राम शिरी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. ४३९८ मा नामथर मैकी तमाङ भन्ने राम शिरी गुरुङ भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर राम शिरी गुरुङ भई फरक परेतापनि उल्लेखित नामथर भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा मर्स्याङदी गाउँपालिका, ०७ नं. वडा कार्यालयको च.नं. ३२२ मिति २०३/०५/११ को सिफारिस साथै मैकी तमाङ भन्ने राम शिरी गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. ४३९ मा जन्ममिति २०१५/०९/०४ भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा जन्ममिति २०२६/०२/०३ भई फरक परेतापनि उल्लेखित जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा मर्स्याङदी गाउँपालिका, ०७ नं. वडा कार्यालयको च.नं. ३२३ मिति २०८३/०५/११ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी



## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने सार्वजनीक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१३ पोखरापत्र राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मितिः २०८३/०५/२७ पोखरापत्र राष्ट्रिय दैनिक

धनी कास्की जिल्ला पोखरा म.न.पा. नं. ३०, खुदी ढुंगेपाटन स्थित हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीले लिएको कर्जा रकमको साँवा, सो को ब्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/१२/०४ को समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको। सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिदाँका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा ६५(१) तथा ऐ को नियमावली २०७६ को नियम २३ च एवम् संस्थाको ऋण असुली नीति २०८० बमोजिम लिलाम बढाबढका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशील**

| क्र.स. | ऋणीको नाम थर | धनजमानीको नाम थर |
|---|---|---|
| १. | **नाम : अमृता रिमाल बसौला**<br>पति : सुकलाल रिमाल<br>बाजे : मोतीलाल रिमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१, कास्की<br>हाल : पोखरा २९, कास्की<br>ना.प्र.नं.:४६१००२/३७२०, कास्की<br>जारि मिति :२०६६/१२/०१ | **नाम : सुकलाल रिमाल**<br>बाबु : मोतीलाल रिमाल<br>बाजे : टिकाराम रिमाल<br>स्थायी ठेगाना : लेखनाथ न.पा.१, कास्की<br>ना.प्र.नं. : २४७६०४७० पर्सा, कास्की<br>जारि मिति : २०७०/१२/०५ |
| **धितोको विवरण**: कास्की जिल्ला साविक शिशुवा वडा नं. ३, हाल पोखरा महानगरपालिका ३० कित्ता नं. २७९७ क्षेत्रफल ०-३-१-० जग्गा र सो मा बनेको लिगलगापात समेत कायम गरिएको पञ्चकृत मूल्याङ्कन रकम रुः ६५,००,००० /- (अक्षरुपी पैसठ्ठी लाख रुपैयाँ मात्र) | | |

सर्तहरु :

१. लिलाम बिक्री यो सूचना प्रकाशित मितिले १६औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा बिहान ११ : ०० बजेदेखि २ : ०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ।
२. लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिनभित्र दाखिला गर्नुपर्ने छ। १५ दिनभित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदाँ लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्ने छ।
३. शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन।
४. लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहित रहने छ।
५. यस सम्बन्धमा थप बुझ्नुपर्ने भए हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय पोखरा ३०, खुदी ढुंगेपाटनमा सम्पर्क राख्नुहोला।

**हाम्रो गौरव बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ३०, खुदी ढुंगेपाटन, कास्की
फोन नं. ०६१-५०४०४९,५०४०६१